# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बनेपा नगरपालिका,काभ्रेपलाञ्चोक

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

***Serving the Nation and the People***

## दूरदृष्टि(Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य(Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता(Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या:२०७६/७७

च.नं : ७७७

मिति:२०७७/३/२४

श्री बनेपा नगरपालिका,
काभ्रेपलाञ्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(बामदेव शर्मा अधिकारी)

नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल

महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षणसम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका,महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमासम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको,आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको,अबण्डा बजेट राखेको,खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजनाप्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौटगरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको,तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यकशीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्तअभिलेख नरहेको,सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ ।गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो ।लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो ।लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु ।स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः२०७६।०७७ **(वागमती तथा गण्डकी प्रदेश महानिर्देशनालय)**

च.नं.७९६

श्री नगर प्रमूखज्यू, मितिः २०७७।०३।२५

बनेपा नगरपालिका,काभ्रेपलाञ्चोक । **विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले बनेपा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोकको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.७ करोड ४३ लाख ७० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ६२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ५५ लाख ४८ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १६ लाख ९९ हजार,तथा पेश्की रु.२ करोड ६७ लाख ६१ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २५ (पच्चीस ) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन,२०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी बित्तिय बिबरण तयार गर्ने तथा जालसाँजी वा अन्य गल्तिका कारण बित्तिय बिवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# बनेपा नगरपालिकाको लेखापरीक्षण प्रतिवेदन

## आ.ब.२०७५।०७६

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्यौंट को विवरण |
|---|---|---|---|
| | **परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न वनेपा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो वनेपा नगरपालिका अर्न्तगत १४ वडा, ७२ सभा सदस्य, ५४.५९ व.कि.मी. क्षेत्रफल, ५५,६२८(२०६८ को गणनानुसार) जनसंख्या सहित वागमती प्रदेशमा अवस्थित छ । | | |
| १. | **स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम वनेपा नगरपालिकाले आर्थिक वर्ष २०७५।०७६ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनको क्रममा भएका व्यय समेत समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | | |

| | | व्यय | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| गतबर्षको मौज्दात- | | संघिय सरकार सर्शत चालु खर्च | २२७,१७९,३९२।१७ |
| नगरपालिका कोष मौज्दात | १२६,९२७,९७९।०१ | प्रदेश सरकार सर्शत चालु खर्च | ५१२,५००।०० |
| धरौटी मौज्दात | ६६५,११७।०० | प्रदेश सरकार सर्शत पुजिगत खर्च | ३१,६६५,५८०।०० |
| कर्मचारी कल्याण कोष मौज्दात | ८,७०३,५५३।०५ | सामाजिक सुरक्षा खर्च | ७१,०१८,८००।०० |
| मर्मत सम्भार कोषे मौज्दात | २,९००,०८५।३४ | स्था. पूर्वाधार बिकास साझेदारी का. | ९,४४२,४६४।०० |
| प्रकोष व्यबस्थापन बिशेष कोष मौज्दात | ५०६,१५९।०० | प्रदेश तथा स्था. क्षमता बिकास का. | ३०५,०००।०० |
| वाताबरण व्यबस्थापन बिशेष कोष | ८३८,३६६।०० | प्रधानमनत्री रोजगार कार्यक्रम | ८७०,९७१।०० |
| संचित बिदा कोषे मौज्दात | ५०,०००।०० | नगरपालिका | २७९४४५७७८ |
| उपचार खर्च कोषे मौज्दात | ५०,०००।०० | कर्मचारी कल्याण कोष खर्च | ४,३८७,९४२।०० |
| महिला स्वयम सेबिका अबकास कोष | १९०,०००।०० | मर्मत सम्भार कोष खर्च | १,०९७,४५०।०० |
| बनेपा न.पा.काभ्रे उपत्यका एकीकृत खा.पा. आयोजना धारा जडान मौज्दात | १,९००,८००।०० | प्रकोष व्यबस्थापन बिशेष कोष खर्च | १११,१११।०० |
| तुल्टीफांट जग्गा एकीकरण आयोजना | ३,४५९,७५८।२६ | धरौटी खर्च | १०,९३३,९११।८६ |
| बनेपा न.पा.सा. सुरक्षा खाता मौज्दात | ५,०००।०० | **जम्मा खर्च रु.** | **६३६,९७०,९००।०५** |
| संरक्षित मुदति कोष ८ मौज्दात | ३,७१९,३७४।२५ | संघियसरकार सर्शत अनुदान | २९,६९१,६०७।८३ |
| संरक्षित चालुखाता मौज्दात | २,४७१,०८२।६७ | प्रदेश सरकार सर्शत अनुदान | १,८४७,९२०।०० |
| आन्तरिक आम्दानी | ८६,९१६,८२९।३७ | सामाजिक सुरक्षा | १३,६००।०० |
| संघिय सरकार सर्शत अनुदान | २५६,८७१,०००।०० | स्था.पुर्वाधार बिकास साझेदारीका. | १,८५७,५३६।०० |
| प्रदेश सरकार सर्शत अनुदान | ३४,०२६,०००।०० | **जम्मा अनुदान फिर्ता** | **३३,४१०,६६३।८३** |
| सामाजिक सुरक्षा | ७१,०३२,४००।०० | संचित कोष | २९६,०३६,५०९।०५ |
| संघिय सरकार बित्तिय समानीकाण | १५४,३००,०००।०० | कर्मचारी कल्याण कोष | १२,६६५,६११।०५ |
| प्रधानमनत्री रोजगार कार्यक्रम | ८७०,९७१।०० | मर्मत सम्भार कोष | १,८०२,६३५।३४ |
| प्रदेश सरकार बित्तिय समानीकरण | ८,७४०,०००।०० | प्रकोष व्यबस्थापन बिशेष कोष | ३९५,०४८।०० |
| प्रदेश सरकार समपुरक अनुदान | ४,०००,०००।०० | वाताबरण व्यबस्थापन बिशेष कोष | ८३८,३६६।०० |
| स्था.पूर्वाधार बि. साझेदारी कार्यक्रम | ११,३००,०००।०० | संचित बिदा कोष | ५०,०००।०० |
| प्रदेश तथा स्था. क्षमता बिकास का. | ३०५,०००।०० | उपचार खर्च कोष | ५०,०००।०० |
| सडक बोर्ड | ३,३१६,१२४।०० | महिला स्वयम सेबिका अबकास कोष | १९०,०००।०० |
| संघिय सरकार राजश्व बांडफांड | ६५,८५२,७०७।९६ | धरौटी | १,८४५,५२०।०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौट को विवरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| बनेपा न.पा.काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना धारा जडान | ३५०,५८०।०० | बनेपा न.पा.काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना धारा जडान | २,२५१,३८०।०० |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | ९९,८३९,१०२।४९ | तुल्टीफांट जग्गा एकीकरण आयोजना | ३,४५९,७५८।२६ |
| धरौटी | १२,११४,३१४।८६ | बनेपा न.पा.सा. सुरक्षा चालु खाता | ५,०००।०० |
| मालपोत संस्कृती पुजा अनुदान | ५८,०००।०० | संरक्षित मुदति कोष १० मौज्दात | ४,५५२,३७४।२५ |
| परिक्षा शुल्क | २४७,६००।०० | संरक्षित चालुखाता मौज्दात | १,६७२,२९१।६७ |
| अन्य बिबिध | १,२७९,५७५।३४ | **जम्मा कोष मौज्दात-** | **३२५,८१४,४९३।६२** |
| प्रदेश सरकार राजश्व वांडफांड | २४,००३,८५७।९० | | |
| नगरपालिका संरक्षित खाता आय | ३४,२०९।०० | | |
| **जम्मा रु.** | **९९६,१९६,०५७५** | **कुल जम्मा रु.** | **९९६,१९६,०५७५** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौट को विवरण |
|---|---|---|---|
| २. | **लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् :** | | |
| २.१ | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराएको Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले आफ्नो सबै कारोवारको लेखा SUTRA मार्फत सफ्टवेयरमा राख्नु पर्नेमा सो नगरी आर्थिक कारोवारको लेखा एक निजी सफ्टवेयर प्रयोग गरी राखिएको छ। यसबाट नगरपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन। यसमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्ने देखिन्छ | | |
| २.२ | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। चेकलिष्टको आधारमा यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन। कार्यालयले सो अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा नल्याएबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन आयो। उक्त बिषयमा नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ। | | |
| | • कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>• अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमा भन्दा बढी खर्च गरेको छ,<br>• सार्वजनिक सुनुवाइ मार्फत जनताको माग सुनुवाई भएको छैन,<br>• योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,<br>• राजस्वको श्रोत पहिचान गरेको छैन ,<br>• प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>• राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• राजस्वको रसिद नियन्त्रण खाता तोकिए बमोजिम व्यबस्थीत राखेको छैन, आदि। | | |
| २.३ | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ। समितिले सो अनुरुप बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन। | | |
| २.४ | **स्थानीय तथ्यांक र अभिले**ख : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछर्यौट को विवरण |
| --- | --- | --- | --- |
| | बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | | |
| २.५ | **लक्ष्य प्रगतीको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । | | |
| २.६ | **श्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | | |
| २.७ | **लक्षित समूह खर्च** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानून बमोजिम लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ। कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालीकाले यस प्रकारका कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कानूनको परिपालना भएको देखिएन। यस्ता कार्यमा सुधार हुनु पर्दछ। | | |
| २.८ | **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। निर्माण लगायत सबै प्रकारको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | | |
| २.९ | **अभिलेख अद्यावधिक :** स्थानिय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ। कार्यालयले नगरसभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गोश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा भुक्तानी दिने गरेको छ। जसले गर्दा कुन कार्यक्रम वा योजना नगरसभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ। स्वीकृत मध्ये कुन कुन कार्यक्रम सम्पन्न हुन सकेन र सभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन। यसमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्दछ। | | |
| २.१० | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि एक निजी सफ्टवेयर प्रयोग गरि लेखा राखिएको, संघिय तथा प्रदेश सरकारले दिएको शशर्त, समानिकरण, विशेष लगायत सबै प्रकारका खर्चको लेखा र श्रेस्ता एकमुष्ठ रुपमा गोलमटोल रुपले राखेको, जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किताब, लेजर  लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८, १०८(क) र (ख), १०९ र २३ जस्ता खाता व्यवस्थीत नराखेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  २५ अनुसार भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगती विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखियो । जसले गर्दा कार्यालयको लेखा, श्रेस्ता र अभिलेख यथार्थपरक र भरपर्दो छ भन्न सकिएन । यसमा सम्वन्धित पक्षको ध्यान जानु आवश्यक छ। | | |
| ३. | **जनशक्ति व्यबस्थापन** : कार्यालयले स्वीकृत दरबन्दीमा निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने स्वीकृत कर्मचारी दरवन्दी १३७ जना रहेकोमा पदपूर्ति स्थायी तर्फ ८४ जना र करारबाट ५३ जना भएको व्यहोरा कार्यालयले उपलव्ध गराएको विबरणबाट देखियो । कार्यालयले स्वकृत दरवन्दी बेगर समेत देहाय | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौट को विवरण |
|---|---|---|---|
| | बमोजिम विभिन्न पदमा ४५ जना करार, अस्थायी र ज्यालादारीको रुपमा आन्तरिक पदपूर्ति गरी तलव भत्ता भुक्तानी लिएको व्यहोरा कार्यालयले उपलब्ध गराएको अर्को विबरणबाट देखियो । उपलब्ध विबरण अनुसार स्वीकृत दरवन्दी बाहेक करार, अस्थायी र ज्यालादारीको रुपमा नियुक्त गरेका कर्मचारीलाई देहाय बमोजिम तलव रभत्ता जम्मा रु.७५३४७६० भुक्तानी भएको देखियो । विभिन्न समयमा संघिय सरकारले राख्न बन्देज लगाएका नगर प्रमुख तथा उपप्रमुखको निजी सचिव, कानूनी सल्लाहकार लगायतका पदमा स्वीकृत दरवन्दी बेगर पदपुर्ति गरिएको पाइयो । यसरी धेरै संख्यामा विभिन्न पदमा करार, अस्थायी र ज्यालादारीको रुपमा आन्तरिक नियुक्त गरी तलव भत्ता भुक्तानी गरेवाट नगरपालिकालाई थप व्ययभार श्रृजना भएको छैन भन्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा तालुक निकायबाट यथार्थता यकिन गरी कानून बमोजिम हुनुपर्ने देखिएको रु... | ६९०९०५० | |

| क.सं. | कर्मचारीको नाम | पद | नियुक्ती | दरवन्दी | जम्मा वार्षिक भुक्तानी |
|---|---|---|---|---|---|
| १ | सुरेश कुमार थापा | सूचना प्रविधी अधिकृत | करार | वाहिर | ४१८५०० |
| २ | राम चन्द्र कर्माचार्य | जु. इन्जिनियर | करार | ,, | ३२७५०० |
| ३ | प्रकास ठकुरी | जु. इन्जिनियर | करार | ,, | ३२७५०० |
| ४ | कमला हुमागांई | ना.प्रा.स. | करार | ,, | २९८२१० |
| ५ | मिना घर्ती | ना.प्रा.स. | करार | ,, | २९८२१० |
| ६ | पवन कुमार के.सी. | ना.प.स्वा. प्रा. क. | करार | ,, | २९८२१० |
| ७ | कान्ता सार्की | ना.प.स्वा. प्रा. क. | करार | ,, | २९८२१० |
| ८ | उमेश घिमिरे | ना.प.स्वा. प्रा. क | करार | ,, | २९८२१० |
| ९ | करुणा डंगोल | अ.न.मी. | करार | ,, | २०५००० |
| १० | सोनी तामाङ | अ.हे.व. | करार | ,, | २०५००० |
| ११ | बिना लामा | अ.हे.व. | करार | ,, | २०५००० |
| १२ | रुकमणी बजगांई | अ.न.मी. | करार | ,, | २०५००० |
| १३ | ललिता श्रेष्ठ | अ.हे.व. | करार | ,, | २०५००० |
| १४ | यमुना रानाभाट | अ.न.मी. | करार | ,, | २०५००० |
| १५ | शरद कोईराला | कानुनी सल्लाहकार | करार | | ६०००० |
| १६ | लखन रंजित | नगरप्रहरी | करार | ,, | १४३००० |
| १७ | शरद रंजितकार | नगर प्रहरी जवान | करार | ,, | १४३००० |
| १८ | शेष काजी रंजितकार | नगर प्रहरी जवान | करार | ,, | १४३००० |
| १९ | दिपक प्रजापति | नगर प्रहरी जवान | करार | ,, | १४३००० |
| २० | विकास श्रेष्ठ | नगर प्रहरी जवान | करार | ,, | १४३००० |
| २१ | सम्पुर्ण देउजा | नगर प्रहरी जवान | करार | ,, | १४३००० |
| २२ | अन्जना थापा | नगर प्रहरी जवान | करार | ,, | १४३००० |
| २३ | रुपा भारती | माली | ज्यालादारी | ,, | १४०००० |
| २४ | असली तामांग | का.स. | करार | ,, | १४०००० |
| २५ | सोनिका सुनार | कार्यालय सहयोगी | ज्यालादारी | ,, | १४०००० |
| २६ | सर्मिला गौतम | कार्यालय सहयोगी | ज्यालादारी | ,, | १४०००० |
| २७ | कविता आचार्य वजागाई | कार्यालय सहयोगी | ज्यालादारी | ,, | १४०००० |
| २८ | गंगा पराजुली | कार्यालय सहयोगी | ज्यालादारी | ,, | १४०००० |
| २९ | मिना श्रेष्ठ | कार्यालय सहयोगी | ज्यालादारी | ,, | १४०००० |
| ३० | मन्दिरा के.सी. | कार्यालय सहयोगी | करार | ,, | १४०००० |
| ३१ | कल्पना काफले | कार्यालय सहयोगी | करार | ,, | १६६००० |
| ३२ | शोभा दाहाल | कार्यालय सहयोगी | करार | ,, | १६६००० |
| ३३ | रञ्जना पराजुली | कार्यालय सहयोगी | करार | ,, | १६६००० |
| ३४ | चन्द्र वहादुर गुरुङ | वनपाले | करार | ,, | २६००० |
| ३५ | राम वहादुर थापा | वनपाले | करार | ,, | २६००० |
| ३६ | नन्द प्रसाद वजगांई | वनपाले | करार | ,, | २६००० |
| ३७ | धनविर कामी | वनपाले | करार | ,, | २६००० |
| ३८ | मखमली कुईकेल | वनपाले | करार | ,, | २६००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौट को विवरण |
|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | पार्वती डंगाल | सुसारे | करार | ,, | ३९००० |
| ४० | चन्द्र वहादुर रंजितकार | द्धारे (प्रधान कार्यकर्ता) | करार | ,, | १०४००० |
| ४१ | राम भक्त कारंजित | माहाँ | करार | ,, | ३२५०० |
| ४२ | विरकुश कारंजित | माहाँ | करार | ,, | ३२५०० |
| ४३ | विन्दु रंजित | माली | करार | ,, | ९७५०० |
| | | | | जम्मा रु. | ६९०९०५० |

४. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानीय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था छ। नगरपालीका मातहत रहेको १४ वडा कार्यालय र विषयगत शाखाहरुमा रहेका सम्पति तथा जिन्सी मालबस्तुको अभिलेख नगरपालीकामा आशिंक मात्र रहेको पाइयो । सम्पतीको एकीकृत अभिलेख नरहेवाट नियन्त्रणको अवस्था कमजोर रहन गएको छ । तसर्थ विगत वर्षमा खरिद/हस्तान्तरण र प्राप्ती मार्फत प्राप्त हुन आएका सम्पती र मालसामानको नगरपालिका कार्यालयको जिन्सी खातामा अम्दानी वाधी नियन्त्रणको वातावरण बनाउनुपर्दछ ।

५. **बैंक हिसाब :** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणमा पेश भएको संचित कोषको आय व्यय स्थिति अनुसार कार्यालयको खाता हिसाबमा देहाय अनुसार योवर्षको जम्मा आम्दानी रु.९८७८४५५४६।५ रहेको. देखियो । तर खर्च बिवरण अनुसार आषाढ मसान्तको बैक मौज्दात समेत निम्नानुसार जम्मा रु.९९६१९६०५७५ रहेबाट रु.८३५०५११ हिसाव फरक पर्न गएको छ । हिसाव फरक परेको सम्बन्धमा कार्यालयले बैंक हिसाब मिलान बिवरण तयार गरेको छैन । यसरी फरक पर्नाको कारण पहिचान गरी यथार्थता यकिन गर्न बैक हिसाव मिलान बिवरण तयार गर्नुपर्ने देखियो ।

| बिवरण | रकम | रकम |
|---|---|---|
| गत वर्षको बाकी समेत जम्मा आम्दानी | | ९८७,८४५,५४६।५ |
| गतवर्षको मौज्दात बांकी | १५२,३८७,२७४।५८ | |
| यस वर्षको आम्दानी | ८३५,४५८,२७१.९२ | |
| योवर्षको खर्च बिवरण | | ९९६,१९६,०५७५ |
| योवर्षको खर्च | ६३६,९७०,९००।०५ | |
| आषाढ मसान्तको बैंक मौज्दात | ३२५,८१४,४९३।६२ | |
| अनुदान फिर्ता | ३३,४१०,६६३।८३ | |
| फरक | | ८,३५०,५११ |

६. **पेश्की वाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको पेश्की बाकीको विवरण अनुसार कार्यालयको निम्नानुसारको बजेट तथा कार्यक्रममा देहाय अनुसार पेश्की बाकी रहेको देखियो । फछ्र्यौट गर्न बाकी रहेको पेश्की रकम नियमानुसार यथाशिघ्र फछ्र्यौट हुनु पर्ने देखिएको रु........ — बेरुजू रकम रु. २६७६०९११

| सि.नं. | नाम | पेश्की बाकी रकम |
|---|---|---|
| | **चालु खर्च तर्फ** | |
| १ | नबिन कुमार भटराई | ९५,०००.०० |
| २ | इश्वरमान रंजित | ७८,०००.०० |
| ३ | विष्णुबहादुर अधिकारी | १५,०००.०० |
| ४ | सुदर्शन कर्णजीत | ७६,०००.०० |
| ५ | यज्ञप्रसाद बैद्य | २७,०००.०० |
| ६ | धनबहादुर वादे | २५,०००.०० |
| ७ | रामेश्वर कायस्थ | ३३,०००.०० |
| ८ | रामेश्वर खडका | १७७,९८५.०० |
| ९ | राजु खाती | ४५,०००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | बेरुजू रकम रु. | फछ्र्यौट को विवरण |
|---|---|---|---|---|
| | १० | चिरन्जीवी अर्याल | ८,०००.०० | |
| | ११ | श्यामकृष्ण त्रिपाठी | ७,०००.०० | |
| | १२ | सत्यजित भैल | १४४,०००.०० | |
| | १३ | ध्रुवराज नेपाल | १०६,०००.०० | |
| | १४ | किरणकाजी श्रेष्ठ | ९१,०००.०० | |
| | | **कर्मचारी तफ जम्मा** | **९२७,९८५.००** | |
| | १५ | रेनुकान्त भटटराइ | १०००० | |
| | १६ | शिबराज त्रिपाठी | ८६५०० | |
| | १७ | प्रकाश ठकुरी | १०००० | |
| | १८ | निर्मला कार्की | ९००० | |
| | | **अन्य व्यक्ति तर्फ जम्मा** | **११५५००.००** | |
| | | **चालु तर्फको जम्मा** | **१,०४३,४८५.००** | |
| | **पूँजीगत तर्फ** | | | |
| | १९. | रामनाथ कायस्थ | ५०,०००.०० | |
| | २०. | राजकुमार काफले | ४४,०००.०० | |
| | २१. | मेनुका हमाल | ५०,०००.०० | |
| | २२. | सुरेन्द्र कर्णजित | ६२,३००.०० | |
| | २३. | लक्ष्मी देउजा | १६१,८७८.०० | |
| | २४. | पल्लबी आचार्य | ८५,०००.०० | |
| | २५. | सुनिता कुमारी राय | २०,०००.०० | |
| | २६. | मुकुण्ड के.सी | १२७,१५०.०० | |
| | २७. | राजु खत्री | १००,०००.०० | |
| | | **कर्मचारी तफ** जम्मा | ७००,३२८ | |
| | २८. | उमा बैध | ९१,०००.०० | |
| | २९. | बलराम अधिकारी | ३००,०००.०० | |
| | | **पदाधिकारी तफ जम्मा :** | **३९१,०००.००** | |
| | ३०. | अञ्जु अधिकारी | ५४८,५००.०० | |
| | ३१ | पनौती नगरपालिका | ६००,०००.०० | |
| | ३२ | काभ्रे उपत्यका एकिकृत खानेपानी आयोजना | ३७५,०००.०० | |
| | ३३ | पवन कुमार के.सी. | १४०,०००.०० | |
| | ३४ | राम सुन्दर सापकोटा | २८२,८५०.०० | |
| | ३५ | बिनोद पुलां मानन्धर | १००,०००.०० | |
| | ३६ | चन्द्र बहादुररंजितकार | ८५,०००.०० | |
| | ३७ | आजाद माध्यामिक बिधालय | ४८०,०००.०० | |
| | ३८ | जनज्योति मा.बि. | १,२००,०००.०० | |
| | ३९ | शान्ता कुंवर | ५२२,३८८.०० | |
| | ४० | गणेश भजन गुठी मण्डल | ३०,०००.०० | |
| | ४१ | श्याम नारायण महतो | ६७०,३५०.०० | |
| | ४२ | गंगा बर्देवाजानुका नेपाली पावर्ती नेपाली | ५०,०००.०० | |
| | ४३ | काभ्रे उपत्यका खानेपानी व्यबस्थापन बोर्ड | २५०,०००.०० | |
| | ४४ | बुद्धिमान जोशी | २५०,०००.०० | |
| | ४५ | श्री देवीटार आधारभुत बिधालय | १६०,०००.०० | |

| दफा नं. | | भौ.नं., मिति र व्यहोरा | | बेरुजू रकम रु. | फछ्र्यौट को विवरण |
|---|---|---|---|---|---|
| | | **अन्य व्यक्ति तर्फ जम्मा :** | ५७,४४,०८८ | | |
| | ४६ | सल्ले भुमेस्थान मन्दिर निर्माण उपभोक्ता समिति | १२८,०००.०० | | |
| | ४७ | डोखाडोल राजकुलो ढल सुधार मोटर बाटो निर्माण समिति | १६०,०००.०० | | |
| | ४८ | बसपार्क टर्मिनल कोठा भबन निर्माण उ.स. | ५७६,०००.०० | | |
| | ४९ | वडा कार्यालय भबन रङ्ग रोगन बिधुत वाईरिङ्ग उ.स. | ९६,०००.०० | | |
| | ५० | ज्ञानकुञ्ज मार्ग उपभोक्ता समिति | १२८,०००.०० | | |
| | ५१ | नासिकास्थान बिकटेश्वर खोला करिडोर उपभोक्ता समिति | ९६,०००.०० | | |
| | ५२ | सामुदायिक भबन निर्माण उ.स.सांगा | ३२०,०००.०० | | |
| | ५३ | वडा कार्यालय ट्रष्ट निर्माण उपभोक्ता समिति | १२७,९७५.०० | | |
| | ५४ | ज्यासनमी राजदास मार्ग उपभोक्ता समिति | १२६,५९४.०० | | |
| | ५५ | ऐतिहासिक कांथु पोखरी पुन निर्माण उपभोक्ता समिति | १५९,९६२.०० | | |
| | ५६ | दलितटोल लकन्टार बाटो पर्खाल निर्माण उपभोक्ता समिति | ९६,०००.०० | | |
| | ५७ | ग्वाद्य मार्ग ढल स्तरोउन्नती उ.स. | २२४,०००.०० | | |
| | ५८ | डबली वलांछे टोल उपभोक्ता समिति | ६४,०००.०० | | |
| | ५९ | बन्चरे एकिकृत खानेपानी उपभोक्ता समिति | ९५९,७६८.०० | | |
| | ६० | वासिख्यो मार्ग उपभोक्ता समिति | १६०,०००.०० | | |
| | ६१ | जनज्योति मा.बि.कम्पाउण्ड वाल निर्माण उपभोक्ता समिति | १५८,८३०.०० | | |
| | ६२ | घोकेचौर ढल निर्माण उपभोक्ता समिति | १६०,०००.०० | | |
| | ६३ | थाचुधाट जाने बाटो मर्मत उपभोक्ता समिति | ३२०,०००.०० | | |
| | ६४ | अरनिको मार्ग पश्चिम ढल बाटो निर्माण उ.स. | ४६५,४७२.०० | | |
| | ६५ | लक्ष्मी बादे घर पछाडीको ढल निर्माण उ.स. | २५६,०००.०० | | |
| | ६६ | श्री गुच्छेकाली मार्ग उपभोक्ता समिति | ९६,०००.०० | | |
| | ६७ | त्रिबेणी द्वयवास भञ्याङ्ग सडक उ.स. | ९६०,०००.०० | | |
| | ६८ | भैसेपाटी टोल सुधार उपभोक्ता समिति | ३२०,०००.०० | | |
| | ६९ | पञ्चेश्वोर पाटी निर्माण उपभोक्ता समिति | ९६,०००.०० | | |
| | ७० | सिनागाल धाराडोल खानेपानी तथा किरिया स्थल निर्माण समिति | १५६,७७४.०० | | |
| | ७१ | श्रीखण्ड मार्ग बाटो पिच निर्माण उपभोक्ता समिति | ५१०,०००.०० | | |
| | ७२ | घटटे खोला सोती कुलो निर्माण उपभोक्ता समिति | ९६,०००.०० | | |
| | ७३ | नेपाली टोल च्याने वगर सडक उपभोक्ता समिति | १६०,०००.०० | | |
| | ७४ | कृष्णचोक राउटगांउ फुल्चोकी मोटर बाटो निर्माण उपभोक्ता समिति | १,१७६,९५२.०० | | |
| | ७५ | काठु लां थांचु लां मर्मत उपभोक्ता समिति | ६४,०००.०० | | |
| | ७६ | कुस्लेटार वैकिवा सडक नाली निर्माण उपभोक्ता समिति | १२८,०००.०० | | |
| | ७७ | चण्डेश्वरी मा.बि.स्वागतद्धार | १२८,०००.०० | | |
| | ७८ | राधाकृष्ण मन्दिर व्यबस्थापन समिति | ८०,०००.०० | | |
| | ७९ | बासुकी बिकास उपभोक्ता समिति | ९६,०००.०० | | |
| | ८० | करुणामय पाण्डेगांउ सडक मर्मत उपभोक्ता समिति बनेपा-१ | २५३,४२२.०० | | |
| | ८१ | नासिकास्थान खानेपानी तथा सरसफाई उपभोक्ता समिति | १,२८०,०००.०० | | |
| | ८२ | चण्डेश्वरी भित्ति गांउ द्वयबास मोटरबाटो समिति | १,५६०,०००.०० | | |
| | ८३ | सल्ले खोप क्लिनिक स्वास्थ्य भबन निर्माण उपभोक्ता समिति | ३००,०००.०० | | |
| | ८४ | नाला पुलवजार मुलीफांट टिमुरेचौर कृषि सडक उ.स. | ४६९,२४१.०० | | |
| | ८५ | लक्ष्मी पाटी निर्माण उपभोक्ता समिति | १६०,०००.०० | | |
| | ८६ | उग्रेश्वर घाट पुन निर्माण उपभोक्ता समितिबनेपा-७ | ६४०,०००.०० | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौट को विवरण |
|---|---|---|---|

| | | |
|---|---|---|
| ८७ | सेती देवी मन्दिर निर्माण तथा व्यबस्थापन समिति | ६६,०००.०० |
| ८८ | पुण्यश्वर मार्ग उपभोक्ता समिति | ३२०,०००.०० |
| ८९ | सांगा आशापुरी सडक बाटो उपभोक्ता समिति | ८००,०००.०० |
| ९० | नन्देढुङ्गा सार्केमोड मोटर बाटो स्तरोन्नती उ.स. | ३२०,०००.०० |
| ९१ | थिङ्ग डांडा देखि स्कुलडांडा हुदै छेरेडांडा सडक मर्मत उ.स. | ९४,३९२.०० |
| ९२ | धाराको खोल्सा हरेश्वर चौतारा सडक उपभोक्ता समिति | ६४,०००.०० |
| ९३ | कोबहाल मार्ग उपभोक्ता समिति | १६०,०००.०० |
| ९४ | घट बगर कुलो सिचाई उपभोक्ता समिति | ९६,०००.०० |
| ९५ | सेतिदेवी कृषि मार्ग उपभोक्ता समिति | १,०५०,०००.०० |
| ९६ | भक्तेश्वर मार्ग उपभोक्ता समिति | ८००,०००.०० |
| ९७ | सुमांगाल शान्ति मार्ग निर्माण उपभोक्ता समिति | ३२०,०००.०० |
| ९८ | स्यालटार च्यानडांडा बाटो निर्माण उपभोक्ता समिति | ४७५,१४८.०० |
| ९९ | चण्डेश्वरी खोला करिडोर निर्माण उपभोक्ता समिति | ३१३,४३०.०० |
| १०० | जगन्नाथ मार्ग नगर बिकास टोल सुधार उपभोक्ता समिति | ४९०,०५०.०० |
| | **उपभोक्ता समिति तर्फ जम्मा** | **१८,८८२,०१०.** |
| | **पूँजीगततर्फ कूल जम्मा :** | **२५,७१७,४२६** |
| | **चालु तथा पूँजीगततर्फ कूल जम्मा :** | **२६७६०९११** |

६.१ **उपभोक्तालाई पेश्की :** कार्यालयले उपभोक्ता समितिहरुसंग सम्झौता गरे पश्चात रु.१ लाख भन्दा बढीका सम्झौतामा सम्झौता गरे लगत्तै प्रथम किस्तामा ३३ प्रतिशत, दोश्रो किस्तामा ३३ प्रतिशत र तेश्रो किस्तामा ३४ प्रतिशतका दरले हुने रकम उपभोक्तालाइ पेश्की मार्फत रकम उपलव्ध गराउने गरेको पाइयो । यसरी पेश्की उपलव्ध गराउदा कुनै जमानत लिइएको छैन । उपभोक्ता समितिले खरिद गर्ने निर्माण सामाग्रीको आधारमा उनीहरुको क्षमतालाई समेत विचार गरी उपलव्ध गराएको देखिएन । सबै प्रकारको सम्झौतामा शुरुमै पेश्की उपलव्ध गराउने गरेको छ । उपभोक्ता समितिको नाममा आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट नभइ बाकी पेश्की रु.२७५६६९५३ रहेको छ । जसमा योवर्षको बांकी रु.१८८८२०१० र गत विगत वर्षको बाकी रु.८६८४९४३ रहेको पाइयो । जसले गर्दा सरकारी रकमको सदुपयोग र जोखिम न्यूनिकरणमा थप चुनौती बढ्न सक्ने देखियो । यसप्रकारका कार्यमा नियन्त्रण हुनु जरुरी छ ।

६.२ **गत विगत वर्षको पेश्की बांकी :** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्ममा देहाय बमोजिम फछ्र्यौट नभइ बाकी रहेको जम्मा पेश्की रु.५६४८०१८१।३५ रहेको छ । जसमा योवर्षको बांकी रु.२६७६०९११।० र गत विगत वर्षको बाकी रु.२९७१९२७०।३५ रहेको पाइयो । जसले गर्दा सरकारी रकमको सदुपयोग र जोखिम न्यूनिकरणमा थप चुनौती बढ्न सक्नुको साथै पेश्की बाकी रकमको दुरुपयोग हुनसक्ने देखियो । यस प्रकारका कार्यमा नियन्त्रण गरी तोकिएको समयमा नियमानुसार फछ्र्यौट हुन बाकी पेश्की रकम फछ्र्यौट हुनुपर्दछ ।

| नाम | गतविगत बर्षको पेश्की बाँकी | चालुबर्षको पेश्की बाँकी | कूल पेश्की बाँकी |
|---|---|---|---|
| पदाधिकारी | १३६,०००.०० | ३९१,०००.०० | ५२७,०००.०० |
| वडा कार्यालय | ६,५५१,९६३.७९ | - | ६,५५१,९६३.७९ |
| उपभोक्ता समिति | ८,६८४,९४३.०० | १८,८८२,०१०.०० | २७,५६६,९५३.०० |
| कर्मचारी | ७२७,२९६.१० | १,६२८,३१३.०० | २,३५५,६०९.१० |
| संघसंस्था/फर्म | १३,६१९,०६७.४६ | ५,८५९,५८८.०० | १९,४७८,६५५.४६ |
| कुल जम्मा : | २९,७१९,२७०.३५ | २६,७६०,९११.०० | ५६,४८०,१८१.३५ |

**पूंजीगत खर्च तर्फ :** नगरपालिकाको कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष गरेको पूंजीगत खर्च रु.३२०५५३८२२ को परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् ।

| | |
|---|---|
| प्रदेश सरकार सर्शत पुजिगत खर्च | ३१६६५५८० |
| स्था. पूर्वाधार बिकास साझेदारी का. | ९४४२४६४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौट को विवरण |
|---|---|---|---|
| | नगरपालिका — २७९४४५७७८<br>जम्मा रु. — ३२०५५३८२२ | | |
| ७. | **उपभोक्ता समितिबाट गराएको काम :** कार्यालयले योवर्ष गरेको पूंजीगत खर्चको प्रायः सबैजसो निर्माण कार्यहरु उपभोक्ता समितिहरुबाट गराएको छ। जसमा निम्नानुसार देखियो। | | |
| ७.१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र बनेपा नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाको कार्य सम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था रहेका छन्। कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।<br>मोटर बाटो खन्ने तथा चौडा गराउने, विभिन्न भवन निर्माण गर्ने लगायतका भौतिक पूर्वाधारका कार्य, कृषि, पशु, स्वास्थ्य, शिक्षा तथा जनचेतना र सशक्तिकरण लगायत सामाजिक, आर्थिक र भौतिक पुर्वाधार क्षेत्रका विभिन्न कार्यमा खर्च गर्दा अधिकाशं कार्य उपभोक्ता समिति मार्फत गराउने गरेको छ। मोटरबाटो लगायत अधिकांश कार्यमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभिमेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो। हेभि मेशिन प्रयोग गर्दा धेरै जसो कार्यमा उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गर्ने गरिएको छ। धेरैजसो निर्माण कार्य उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो। अधिकांश योजनामा १५ प्रतिशतसम्मको हाराहारीमा जनसहभागिताको अंश राखी सोही बमोजिम कार्य गराइएको छ। केहि थोरै योजनामा सोभन्दा बढी जनसहभागिताबाट कार्य गराएको देखियो। उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण तथा अन्य कार्यको नापी किताव, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा काम शुरु, सम्पन्न र फरफारक गरेको मिति र अवधि खुल्ने गरेको छैन। योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन। सम्वन्धित वडा तथा स्थानीय तहले यस प्रकार संचालन भएका योजनाको अभिलेख अद्यावधिक गरेको पाइएन।<br>जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने, योजना कार्यन्वयनमा जनसहभागिता र अपनत्व बृद्धि नगर्ने, खर्च सार्वजनिक नगर्ने जस्ता कानूनमा उल्लेख भएका प्रावधानको पालना नगरेको प्रति सम्वन्धित प्राविधिक, कार्यालय तथा पदाधिकारीले समेत ध्यान दिएको देखिएन। उपभोक्ताले गर्ने जनसहभागिताको कार्यमा न्यून अंश मात्र कार्य हुने गरेको देखिएको हुदा श्रममुलक कार्यमा उपभोक्ताको तर्फबाट गरिने कार्यको अंशमा बृद्धि गरि योजनाको स्वामित्व र लागत प्रभावकारितामा बृद्धि गर्नुपर्ने देखियो। उपभोक्ता समितिबाट कार्य गराउदा कानूनको पूर्णरुपले अनुशरण र पालना गरेर गराउनु पर्दछ। | | |
| ७.२ | **भुक्तानीको सिफारिस :** उपभोक्ता समिति मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकाशंमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गरेको देखियो। फोटाहरु रहेको उल्लेख गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन। सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी विनियोजित बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गरेको देखियो। वडास्तरिय अनुगमन समितिबाट निर्माण कामको अनुगमन गर्ने र सोको | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछर्यौट को विवरण |
|---|---|---|---|
| | राय सुझाव सहित प्रतिवेदन गरेको देखिएन । यसबाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिबाट कार्यहरु भएको छ भन्न सकिने देखिएन । | | |
| ७.३ | **सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। विभिन्न सडक, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायत कार्यक्रमको सार्वजानिक सुनवाई गरेको भएपनि सार्वजनिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन। सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको अत्यन्त न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ। | | |
| ७.४ | बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्था रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिएन। समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन। एउटै स्थानमा गर्ने फरक निर्माण कार्यको लागी समेत फरक उपभोक्ता समिति गठन गरेको छ। एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा यकिन हुने आधार देखिएन। यसमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नु पर्दछ। | | |
| ७.५ | **उपभोक्ता समितिको योगदान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) क बमोजिम निर्माण कार्य वा सेवाको प्रकृति परिमाण सहितको लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नु पर्ने रकम उल्लेख गर्नुपर्ने व्यवस्था छ । सोही नियमाबलीमा निर्माण कार्यमा उपभोक्ताले गर्ने जनसहभागिताको मात्रा यकिन गरी सोही प्रकृतिको श्रममुलक कार्यमा उपभोक्ताको तर्फबाट गरिने कार्यको अंशमा बृद्धि गरि सोही प्रकारको योजनामा मात्र उपभोक्ता समितिबाट कार्य गराउँनु पर्ने व्यबस्था छ । बनेपा नगरपालिकाले बसपार्क टर्मिनल कोठा भवन निर्माण कार्य गरे वापत बसपार्क टर्मिनल कोठा भवन निर्माण समितिसंग २०७६।०१।०६ मा सम्झौता गरी रु.१०९६७७५ भुक्तानी दिएकोमा समितिले बिभिन्न सप्लायर्सको १२ थान बिल बीजकबाट टर्मिनल कोठा भवन निर्माणका लागि आबश्यक पर्ने बिभिन्न प्रकारका सामान रु.९४२७३५ मा खरिद गरेको र बाँकी रु.१०९६७७५ समितिको डोर हाजिरी बिबरण पेश गरी भुक्तानी लिएको छ । उक्त कार्यको लागत अनुमानमा उपभोक्ताको अंश उल्लेख नगरी सम्झौता गरेकोमा उपभोक्ता समिति मार्फत कार्य गराएको उचित देखिएन । उपभोक्ताको अंश उल्लेख नभएको कार्यमा डोर हाजिरी रकमको भुक्तानी गरेको रु. १५४०३९ अनियमित देखिएको रु. | १५४०३९ | |
| ७.६ | **सिमेन्ट खरिद बील :** १०१३।२०७६।०३।०४ नगरपालिकाले चण्डेश्वरी भित्ति गाउँ दयाबास मोटर बाटो निर्माण उपभोक्ता समिति वडा नं ५ लाई चण्डेश्वरी भित्ति गाउँ दयाबास मोटर बाटो निर्माणकार्य गरे वापत पेश्की समेत रु.१४८४००० भुक्तानी गरेको छ । उपभोक्ता समितिले काम सम्पन्न गरी अन्तिम भुक्तानीका लागि नगरपालिका द्वारा नाँपजाच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा सिमेन्टको काम अर्न्तगत आइटम नं ५ मा सिमेन्ट कंक्रिटको कार्य (Cement Concrete Work- 1:2:4) ५०.५३ घ.मी गरेको देखाएको छ । उक्त कार्य गर्नका लागि नर्म्स अनुसार प्रति घ.मी ६.४ बोराका दरले ३२४ बोरा सिमेन्ट प्रयोग भएको हुनु पर्नेमा उपभोक्ता समितिले Steel Wood Enterpries PVT.LTD बुडोल बनेपाबाट बिभिन्न मितिमा २८५ बोरा सिमेन्ट खरिदको बील पेश गरेकोले नपुग ३९ बोराको बील पेशहुनु पर्ने अन्यथा जिल्ला दररेट अनुसार प्रति बोरा रु.८३० का दरले ३९ बोराको रु.३२३७० मा उपभोक्ताको योगदान रु.४८५५ (१५ प्रतिशत) कट्टी गरी बाँकी रु.२७५१५ असूल हुनु पर्ने रु. | २७५१५ | |
| ८. | **खरिद प्याकेज :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधिको उल्लेख गरेको छ। उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु हुदैन र दफा २४(१) मा आपसमा मिलेमतो गरी दाखिला भएका प्रस्ताव उपर कारवाही | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौट को विवरण |
|---|---|---|---|
| | नहुने उल्लेख छ । नियमावलीको नियम ७ मा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने व्यवस्था उल्लेख छन । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्य गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्ती, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गरेको छ । यसरी गरिएको खरिद नगरपालिका कार्यालय, १४ वडाहरु तथा विषयगत शाखा कार्यालयहरु आदिबाट आ आफ्नो तवरले छुट्टा छुट्टै र पटक पटक खरिद गर्ने गरेको पाइयो । वडा कार्यालयहरुले गरेको खरिदका सम्पत्ती तथा सामानहरु नगरपालिकामा आम्दानी बाधेको देखिएन । वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी वडा तथा शाखाहरु पिच्छे फरक र कार्यक्रम वाइज छुट्टा छुट्टै रुपमा खरिद गर्ने गरिएको छ । जसले गर्दा एउटै सामाग्री कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, मूल्य समेत फरक पर्ने गरेको, एउटै सामग्री फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गरेको देखियो । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । यसवाट खरिद कार्य व्यवस्थित, कानून सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन । यस सम्वन्धी केहि उदाहरण निम्न छन् । यसबाट कार्यालयलाई थप व्ययभार पारेको छैन भन्ने अवस्था नदेखिएको हुदा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्ने देखिएको रु.... | ४४०९०९२ | |

| मिति | गो.भौ. | खर्चको विवरण | रकम |
|---|---|---|---|
| ०६/२३/२०७५ | १५४ | मां चण्डेश्वरी ईलेक्ट्रोनिक्स लाई विलको भुक्तानी | ४२५०० |
| ०७/१३/२०७५ | १९१ | पर्फेक्ट एक्टीभ सोलुसन्स प्रा.लि. लाई विलको भुक्तानी | २५००० |
| ०९/२५/२०७५ | ३२९ | सालधारी ईन्टरप्राईजेज प्रा.लि. लाई विलको भुक्तानी | ८९१२३ |
| ०९/२५/२०७५ | ३३० | सेतीदेबी जनरल बिजनेश लाई विलको भुक्तानी | २९३८० |
| ०९/२५/२०७५ | ३३२ | साठठीवारी ईन्टरनेशनल प्रा.लि.लाई विलको भुक्तानी | ३८४७६ |
| १०/०६/२०७५ | ३५९ | आईटी सर्भिस बनेपालाई विलको भुक्तानी | ९८३१ |
| १०/०८/२०७५ | ३६८ | सालधारी ईन्टरप्राईजेज प्रा.लि.लाई विलको भुक्तानी | ८२००४ |
| ११/०२/२०७५ | ४३१ | अभिषेक इन्टरप्राईजेज प्रा.लि.लाई विलको भुक्तानी | ३८३३५२ |
| १२/२८/२०७५ | ६६१ | सगरमाथा ट्रैड लिंकलाई विलको भुक्तानी | ४१७९९९ |
| ०१/०३/२०७६ | ६८७ | कृति आर्ट एण्ड स्क्रिन प्रिन्टलाई भुक्तानी | ३०९६० |
| ०१/०९/२०७६ | ७१८ | मैशिनरी औजारको भुक्तानी | ४४८९५९ |
| ०३/३०/२०७६ | १३५३ | एडभान्स कम्प्युटर एण्ड जनरल सप्लायर्सलाई विलको भुक्तानी | ३४८४२४ |
| ०१/०९/२०७६ | ७१८ | मैशिनरी औजारको भुक्तानी | ३०९६० |
| ०१/०९/२०७६ | ७१८ | मैशिनरी औजारको भुक्तानी | ४१७९९९ |
| ०१/०९/२०७६ | ७१९ | सेतीदेबी जनरल बिजनेशलाई विलको भुक्तानी | १०८९३२ |
| ०२/१५/२०७६ | ९१५ | सेतीदेबी जनरल बिजनेश लाई प्रिन्टर खरिद विलको भुक्तानी | २९८९९ |
| ०३/११/२०७६ | १०८४ | आधुनिक फर्निचर शो रुम लाई विलको भुक्तानी | ५०००० |
| ०३/२०/२०७६ | ११६४ | नमस्ते कम्पूटर कर्न्सन लाई विलको भुक्तानी | ४९५०० |
| ११/१९/२०७५ | ४८४ | नासा ट्रेड कन्सर्न लाई विलको भुक्तानी | ११९६७५ |
| १२/२४/२०७५ | ६३३ | मां चण्डेश्वरी ईलेक्ट्रोनिक्सलाई फ्रिज खरिद विलको भुक्तानी | २६८०० |
| ०२/०६/२०७६ | ८३६ | काभ्रे भेटेरिनरी सेन्टरलाई विलको भुक्तानी | २४०००० |
| ०२/०६/२०७६ | ८३७ | न्यू नेपाल एग्रो-भेट इम्पेक्स लाई बिउ खरिद विलको भुक्तानी | २१३७२० |
| २०७६/०२/३० | १०१२ | बिदुर भेट सेन्टर लाई औषधी खरिद विलको भुक्तानी | ४३७६५० |
| ०३/२३/२०७६ | १२०६ | श्याम नारायण महतोलाई विलको भुक्तानी | १५००० |
| ०३/२५/२०७६ | १२४७ | ओम सत्य साई मशिनरी ट्रेडलाई मकै छोडाउने मेशीन विलको भुक्तानी | १७५७५० |
| ०३/२५/२०७६ | १२४९ | प्रबिण एण्ड सुनिल ईन्टरप्राईजेजलाई प्लाष्टिक विलको भुक्तानी | ४९८३९९ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछर्यौट को विवरण |
|---|---|---|---|
| | ०३/३०/२०७६ \| १३५० \| उन्नत कृषि चून उधोग लाई विलको भुक्तानी \| ४८८०० | | |
| | जम्मा रु. \| ४४०९०९२ | | |
| ८.१ | **बितरणमुखी खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाको काम, कर्तव्य र अधिकार तोकेको छ । उक्त कानुनमा वितरणमुखी कार्यक्रम भन्दा विकासात्मक गतिविधि तर्फ नगरपालिकाको स्रोत परिचालन हुन पर्ने उल्लेख छ । नगरपालिकाले तोकिएको अवधिमा आर्थिक सहायता दिन र वितरणमुखी प्रकृतिका खर्च गर्न मिल्ने व्यवस्था भएको देखिदैन । दफा १६ को उपदफा (४)(१)क नगर प्रमुखको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थामा नगर प्रमुखले आर्थिक सहायता दिन सक्ने र वितरणमुखी प्रकृतिका खर्च गर्न मिल्ने अधिकार रहेको छैन । दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्य विधि सम्वन्धी व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ। पूजिंगत शिर्षकमा विनियोजन भएको बजेटबाट चालु प्रकृतिका खर्च गर्ने कार्य बजेटको सिद्धान्त विपरित हुन्छ। नगरपालिकाले योवर्ष देहाय बमोजिम पूजिंगत शिर्षकबाट रु.२००१०९४ आर्थिक सहयोग र वितरणमुखी प्रकृतिका खर्च उपलब्ध गराइ भुक्तानी दिई खर्च लेखेको छ। यसरी उपलब्ध गराउदा अधिकाशंमा नगर प्रमुखको तोक आदेश अनुसार उपलब्ध गराएको देखियो । आर्थिक सहायता र वितरणमुखी प्रकृतिका खर्च स्वरुप उपलब्ध गराएको रकम मानवीय संवेदनशिल अवस्था र दैवी बिपत्तीको अवस्था बाहेकको अवस्थामा समेत उपलब्ध गरेको पाइयो । यसरी विभिन्न व्यक्ति र संस्थालाई उपलब्ध गराएको रकम विकासात्मक कृयाकलाप भन्दा पनि वितरणमुखी रहेकोछ । पूजिंगत शिर्षकमा विनियोजन भएको बजेटबाट समेत आर्थिक सहयोग र वितरणमुखी प्रकृतिका खर्च स्वरुप वितरण गरेबाट बजेटको सिद्धान्त विपरित हुन जाने देखियो । यसरी वितरण गरेको अधिकांश रकम बजेट तथा स्वीकृत कार्यक्रम अनुसार नै रहेको छ भन्न सकिने अवस्था देखिन आएन । यस प्रकार पूजिंगत बजेटबाट आर्थिक सहयोग र वितरणमुखी प्रकृतिका खर्च उपलब्ध गराएको रकमको सम्वन्धमा यथार्थता यकिन गरी कानून बमोजिम गरिनु पर्ने देखिएको रु........ | २००१०९४ | |

| मिति | गो.भौ | कार्य विवरण | रकम |
|---|---|---|---|
| ०३/१७/२०७६ | ११२० | नेपाल पत्रकार महासंघ लाई अनुदान निकासा | १९३७९६ |
| ०७/०९/२०७५ | १८४ | पुजारीलाई विकटेश्वर पुजा सामाग्रीको विलको भुक्तानी | १२००० |
| ०७/०९/२०७५ | १८५ | पुजा सामाग्रीको विलको भुक्तानी | ८००० |
| ०३/२३/२०७६ | १२०५ | नेपाल घरेलु तथा साना उधेग महासंघ लाई विलको भुक्तानी | ५०००० |
| ०३/२३/२०७६ | १२०८ | नेपाल महिला कल्याणकारी समाज लाई विलको भुक्तानी | १५०००० |
| ०३/२२/२०७६ | ११९४ | उज्यालो महिला समाज लाई विलको भुक्तानी | ४९९५० |
| ०३/२०/२०७६ | ११७४ | कवज कृषि सहकारी संस्था लि. लाई विलको भुक्तानी | ४५००० |
| १२/०१/२०७५ | ५४६ | नेपाल अपाङ्ग महिला संघ लाई विलको भुक्तानी | १०००० |
| ०८/२४/२०७५ | २७४ | भलिवल प्रतियोगितामा सामग्री खरिदको विल भुक्तानी | १५००० |
| ०९/०९/२०७५ | ३०२ | नाला इन्टरनेशनल क्योकुशिनकाई करांते डो विलको भुक्तानी | ५०००० |
| ०९/०९/२०७५ | ३०३ | मोटिभेट ग्रुप अफ कम्पनी प्रा.लि. लाई विलको भुक्तानी | १०००० |
| ०९/१२/२०७५ | ३११ | न्यू प्रगति पुस्तक भण्डार लाई विलको भुक्तानी | २५००० |
| ११/२६/२०७५ | ५१७ | फुटवल प्रतियोगिताको पेश्की रकम फछर्यौत | २००००० |
| ११/२६/२०७५ | ५१७ | फुटवल प्रतियोगिताको पेश्की रकम फछर्यौत | २००००० |
| १२/२४/२०७५ | ६३४ | काभ्रे जिल्ला फुटवल संघ लाइविलको भुक्तानी | १००००० |
